**बैठक संख्या : १**

आजमिति २०७९ साल जेष्ठ ११ गते बुधबार का दिन बराहक्षेत्र नगरपालिका,नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्कीज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभाहलमा बिहान ९:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. नगर प्रमुख - | श्री रमेश कार्की | अध्यक्ष |
| २. उप-प्रमुख - | श्री नन्दकुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं. १ - | श्री किसन थापा | सदस्य |
| ४. वडा अध्यक्ष, वडा नं. २ - | श्री होम प्रसाद गौतम | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं. ३ - | श्री राजदिप लामा तामाङ्ग | सदस्य |
| ६. वडा अध्यक्ष, वडा नं. ४ - | श्री आशाराम चौधरी | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं. ५ - | श्री रोहित काफ्ले | सदस्य |
| ८ वडा अध्यक्ष, वडा नं. ६ .- | श्री उद्धव प्रसाद पोखरेल | सदस्य |
| ९.वडा अध्यक्ष, वडा नं. ७ - | श्री कपिल आचार्य | सदस्य |
| १०.वडा अध्यक्ष, वडा नं. ८ - | श्री रोशन खड्का | सदस्य |
| ११. वडा अध्यक्ष, वडा नं. ९ - | श्री निरन्जन मण्डल चन्द्रवंशी | सदस्य |
| १२. वडा अध्यक्ष, वडा नं. १०- | श्री तेज बहादुर गुरुङ्ग | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं. ११ - | श्री कृष्ण कुमार महतो | सदस्य |
| २२.प्रमुख प्रशासकीय अधिकृत- | श्री खगेन्द्र गिरी | सदस्य-सचिव |

**प्रस्तावहरु :**

१) एम्बुलेन्स खर्च सम्बन्धमा।

२) स्वास्थ्य बिमा सम्बन्धमा ।

३) जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण सम्बन्धमा ।

४) महिला शिक्षिकालाई प्रसुती बिदा सम्बन्धमा ।

५) निर्णय कार्यान्वयन सम्बन्धमा ।

**छलफल र निर्णयहरु :**

१) प्रस्ताव नं. १ उपर छलफल हुदाँ बराहक्षेत्र नगरपालिका भित्रका महिलाहरुलाई प्रसुति गराउन वराहक्षेत्र नगरपालिका भन्दा बाहिर आउन जान एम्बुलेन्स खर्च बापत रु २,५००।- ( दुई हजार पाँच सय मात्र) सहयोग उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो ।

२) प्रस्ताव नं. २ उपर छलफल हुदाँ बराहक्षेत्र नगरपालिकाका बिपन्न तथा अति बिपन्न नागरिकहरुको स्वास्थ्य उपचारमा सहयोग पुर्याउन स्वास्थ्य बिमा सुविधा उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो ।

३) प्रस्ताव नं ३ उपर छलफल हुदाँ बराहक्षेत्र नगरपालिका भित्रका ७५ बर्ष माथिका जेष्ठ नागरिकहरुलाई घरमा नै गएर तिन महिनामा १(एक) पटक स्वास्थ्य परिक्षण सेवा उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो ।

४) प्रस्ताव नं ४ उपर छलफल हुदाँ बराहक्षेत्र नगरपालिका भित्रका महिला शिक्षिकाहरु प्रसुती भएमा नेपाल सरकारले तोकेको ९८ दिन बिदाका समयमा सट्टा शिक्षकको व्यवस्था गर्ने निर्णय गरियो ।

५) प्रस्ताव नं ५ उपर छलफल हुदाँ माथि उल्लेखित निर्णय नं १, २, ३ र ४ मा उल्लेख भएका निर्णयहरु कार्यविधि बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।